मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १३६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत २२ गते आइतवार (Sunday, April 4. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

**सूचना**

संघीयताको महत्वपूर्ण सार :
मानव बेचबिखन अन्त्यका लागि
जिम्मेवार र सहकार्यसहित
गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# ‘माओवादीको समर्थन फिर्ता नहुँदा कांग्रेस निर्णयमा पुगेन’




**बिर्तामोड, चैत २१।** नेपाली कांग्रेसका उपसभापति बिमलेन्द्र निधिले प्रधानमन्त्रीका कारण पुनर्स्थापित संसद अकर्मण्य र अनुत्पादक भएको बताएका छन् ।

नेपाल प्रेस युनियन झापाद्वारा बिर्तामोडमा आयोजित पत्रकार भेटघाटमा बोल्दै उपसभापति निधिले अदालतको आदेशपछि प्रधानमन्त्रीको सत्तामा बसिरहने नैतिक अधिकार नरहेको उल्लेख गर्दै निधिले भने- ‘संसदलाई निरर्थक बनाउने काम प्रधानमन्त्रीबाट भएको छ ।’ पूर्व उपप्रधानमन्त्री समेत रहेका उनले थपे- ‘प्रधानमन्त्रीकै कारण पुनर्स्थापित संसद अकर्मण्य र अनुत्पादक भएको छ ।’

पत्रकारसंगको भेटघाटमा बोल्दै उपसभापति निधिले प्रधानमन्त्रीले विघटन गरेको संसद अदालतले पुनर्स्थापित गरेसँगै प्रधानमन्त्रीको सत्तामा बस्ने नैतिक अधिकार सकिएको निधिको भनाइ थियो । नैतिक हैसियत गुमाएर सत्तामा बसिरहेका प्रधानमन्त्री ओलीलाई अपदस्त गरेर अर्को सरकार बताउनु पर्ने निर्णयमा कांग्रेस पुगेको जानकारी दिँदै निधिले त्यसका लागि जनता समाजवादी पार्टीको स्पष्ट कुरा नआउनु र माओवादीले सरकारलाई दिएको समर्थन फिर्ता नलिएका कारण कांग्रेस निर्णयमा पुग्न नसकेको बताए ।

सरकार बनाउनका लागि कांग्रेस, माओवादी र जसपा एकै ठाउँमा उभिनुपर्छ । सो क्रममा पार्टीको १४औं महाधिवेशन आगामी भदौमा हुन नसके पार्टीको बैधानिकता र संवैधानिक हैसियत दुवै समाप्त हुने बताउँदै उनले क्रियाशील सदस्य वितरणदेखि गाउँ/नगरको नेतृत्व चयनमा सक्रिय हुनुपर्नेमा जोड दिए ।

देशमा उत्पन्न परिस्थितिका कारण पार्टी महाधिवेशन र सभापतिको उम्मेदवारीको कुरा ओझेलमा परेको बताएका निधिले १४औं महाधिवेशनमा पार्टी सभापति शेरबहादुर देउवाको प्रस्तावमा बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको समर्थनमा सभापतिको उम्मेदवारी दिने बताए ।

नेपाल प्रेस युनियनका अध्यक्ष इन्दु पूर्वेलीको अध्यक्षतामा सम्पन्न पत्रकार भेटघाटमा स्वागत उपाध्यक्ष गिरीराज भट्टराई र सञ्चालन सचिव डिल्लीराम घोसाईंले गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेस केन्द्रीय सदस्य सरिता प्रसाई, सुधिरकुमार शिवाकोटी, पूर्व सांसद डिल्ली सिटौला, गोपालकुमार बस्नेत, कांग्रेस झापाका सभापति उद्धव थापा, प्रचार विभाग प्रमुख लोकराज ढकाल, प्रेस युनियन झापाका पूर्व सभापति कृष्ण हुमागाँई, भगीरथ पोद्दार, पुष्कर न्यौपाने, जिल्ला सदस्य शेरबहादुर थापा, नेपाल ट्रेड युनियन कांग्रेस केन्द्रीय सदस्य उर्मिला पोखरेल लगायतको आतिथ्य रहेको थियो ।

प्रधानमन्त्रीद्वारा झापाका पाँचसहित १६५ सडक शिलान्यास

# झापामा एक अर्ब २५ करोड बजेट

**झापा, जेठ २१।** प्रधानमन्त्री केपी शर्मा ओलीले झापाका पाँचसहित देशभरका १६५ वटा सडकको शिलान्यास गरेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा भएको विशेष समारोह भर्चुअलमाध्यमबाट प्रधानमन्त्री ओलीले एक सय ६५ निर्वाचन क्षेत्रमा एक/एक वटा सडकको शिलान्यास गरेका हुन् । रु. ५७ अर्ब १० करोडको लागतमा तीन वर्षमा निर्माण गर्ने गरी ती सडक सम्पन्न गर्ने लक्ष्य लिइएको छ । प्रधानमन्त्री ओलीले सम्बन्धित मन्त्रालय, विभाग र सरोकारवालालाई शिलान्यास गरेका सडकका काम ढिला नगर्न समेत आग्रह गरेका छन् । उनले आफू प्रधानमन्त्री भएदेखि अहिलेसम्म कालोपत्रे सडक निर्माण र स्तरोन्नति सडक तीन हजार ५१२ किलोमिटर भएको जानकारी दिए । ओलीका अनुसार ६२८ वटा सडक पुल (झोलुङ्गे) पुलबाहेक निर्माण भएका छन् ।

कार्यक्रममा यातायात तथा भौतिक पूर्वाधारमन्त्री बसन्त नेम्बाङले तीन हजार ५१२ किलोमिटर छ लेनका सडक निर्माण भइरहेको जानकारी दिए । यस्तै तीन हजार ३०० किलोमिटर ग्राभेल सडक, एक हजार ६८६ किलोमिटर नयाँ ट्र्याकका सडक पनि निर्माणका क्रममा रहेको उनले जानकारी दिए । उनले पूर्वपश्चिम राजमार्गलाई चारदेखि छ लेनसम्म विस्तार गर्न थालिएको बताए । उनका अनुसार प्रतिदिन ६.५ किलोमिटर बाटो निर्माण संघीय सरकारले गरिरहेको छ । समारोहमा सरकारका मन्त्री, प्रतिनिधिसभा तथा राष्ट्रियसभाका सदस्यको समेत उपस्थिति रहेको थियो ।

यसैक्रममा झापाका प्रत्येक निर्वाचन क्षेत्रमा एक/एक वटा सडक कालोपत्रे हुने भएका छन् । पाँचवटै निर्वाचन क्षेत्रमा १० किलोमिटरका दरले सडक निर्माण गरिने भएको हो । यसका लागि हरेक सडकको लागत २५ करोड रुपैयाँ छुट्याइएको छ । झापामा मात्रै सडक निर्माणका लागि १ अर्ब २५ करोड रुपैयाँ विनियोजन भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । झापामा निर्माण गरिने सडकमा झापा क्षेत्र नम्बर १का सांसद राम कार्कीले धुलाबारी भावनाचौक हुँदै म्यागनेल्टार जाने सडक सिफारिस गरेका छन् ।

त्यस्तै झापा २ की सांसद पवित्रा खरेलले बिर्तामोडको मुक्ति चोकबाट शनिश्चरे रोडको कप्तानबारी चोक, पुष्पलाल चोक, बिहीबारे हाट, खरबन्दी, बुद्धचोक, कालीस्थानबजार, बुद्धशान्ति-२ हुँदै जयपुर बुधबारेसम्म जाने सडक सिफारिस गरेकी छन् ।

झापा ३का सांसद राजेन्द्र लिङ्देनले कचनकवल १ नं. वडा कार्यालयबाट राजगढ बजार, सिर्जना चोक हुँदै उत्तर बुधबारे जाने सडक सिफारिस गरेका छन् । क्षेत्र नं. ४का सांसद एलपी साँवा लिम्बूले सिवसतासी-२ कमलपुरबाट प्रगति चोक १, इन्द्रेणी चोक, प्रगति चोक २, सयपत्री चोक, हिमाली चोक, माङहिम मन्दिर, हवल्दार चोक, शिवगञ्ज बजार, धरहरा चोक, प्रहरी चौकी सडक सिफारिस गरेका छन् ।

प्रधानमन्त्री ओलीले आफ्नो निर्वाचन क्षेत्र झापा ५को गौरादह सितापुरी, रंगपुर स्कूलचौन, स्वामीचौक चप्रामारी दामुना हुँदै खजुरगाछी जोड्ने सडक निर्माण गर्न छनौट गरेका छन् ।

## शिवसताक्षी-५मा टोल-टोलमा पुग्यो सडक

**शिवगञ्ज, चैत २१।** शिवसताक्षी नगरपालिका-५की दुरवती राजबंशी बिहीबार नागरिकता प्रमाण-पत्र बनाउन सिफारिस लिन वडा कार्यालय जनता बजार आइन् । बाबुको नागरिकता प्रमाण पत्र, श्रीमान्‌को नागरिकता, बिवाह दर्ता प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपि संलग्न राखेर वडा कार्यालयबाट प्राप्त अनुसूची फारममा आफ्नो विवरण भरेर वडाध्यक्षलाई बुझाइन् ।

उनलाई यति काम गर्न १५ मिनेट लागेको थियो । वडाबाट जिल्ला प्रशासन कार्यालय झापामा सिफारिस भयो । उनले इलाका प्रशासन कार्यालय दमकबाट दिउँसो २ बजे नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरिन् । अरु कसैबाट सुनेकी थिइन्- ‘सरकारी काम ढिलो हुन्छ भनेर, तर त्यस्तो होइन रहेछ’- उनले भनिन् । बिहान घरबाट निस्किएपछि बाटाको समय कटाएर १ घण्टामै नागरिकता पाउँदा उनी मख्ख परिन् ।

सेवाग्राहीको कामप्रति जनप्रतिनिधि जवाफदेही र अधिकतम् उत्तरदायी भएकाले सर्वसाधारणले जुनसुकै सरकारी कार्यालयबाट दुःख पाउनुपर्दैन भन्ने यो एउटा उदाहरण हो । वडा कार्यालयमा पूर्वाञ्चलको टिम पुग्दा १०:५ बजेको थियो । वडाध्यक्ष सत्य नारायण राजवंशी आफ्नै कार्यकक्षमा व्यस्त थिए । वडासचिव खेम दुलाल पनि पञ्जीकरणको काम गरिरहेका थिए ।

अन्य जनप्रतिनिधि पनि वडा कार्यालयमा आउने जाने क्रम गरिरहँदा रहेछन् । कृष्ण ताजपुरिया, यामनाथ उप्रेती, सीता खड्का र रीमा बिक वडा कार्यपालिका सदस्य एकपछि अर्को गर्दै आए । हामीले वडा कार्यालयमा अर्का सेवाग्राही दीपककुमार राईलाई भट्यौं । उनका अनुसार स्थानीय सरकार गठन भएपछि शिवसताक्षी नगरपालिका वडा नम्बर ५ का सबै कच्ची सडक ग्राभेल भएका छन् ।

सालमाराका तुलसीराम सुवेदीले गुप्तेश्वर कृषि फर्म नै दर्ता गरेर व्यवसायिक रुपमा बाख्रा, गाई, तरकारी खेती र माछा पालन गर्ने योजनामा छन् । वडाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर कार्यक्रम ल्याएपछि उनी वडाको कार्यक्रमप्रति आकर्षित भएका हुन् । घरेलु ताथ साना उद्योग कार्यालयले वडाले गरेको सजर्मिन सिफारिस खोजेपछि सुवेदी वडा कार्यालयमा आएका थिए । उनले भने- ‘पैसाका

(बाँकी अन्तिम पृष्ठमा)

## शिशुको हत्या गरेको अभियोगमा पक्राउ

**कास्की, चैत २१।** आफ्नै ४२ दिनको नवजात शिशुलाई कर्तव्य गरी हत्या गरेको अभियोगमा एक महिला पक्राउ परेकी छन् ।

अन्नपूर्ण गाउँपालिका-२ नौडाँडा बस्ने बाग्लुङ ढोरपाटन नगरपालिका-३ घोसाखानी घर भएकी २२ वर्षीया गीता कुँवर सुनारलाई आफ्नै नवजात शिशुको हत्या गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको

(बाँकी अन्तिम पृष्ठमा)

## हतियार प्रहार गरेको आरोपमा तीन जना पक्राउ

**सुनसरी, चैत २१।** धरान उपमहानगरपालिका-११ बस्ने ३५ वर्षीय सुदर्शन श्रेष्ठ, उनका बुवा ६५ वर्षीय कुलबहादुर प्रधान, उनकी दिदी ४४ वर्षीया गोमा श्रेष्ठ तथा छिमेकी ७० वर्षीया पार्वती राईलाई घरेलु हातहतियार प्रहार गरी गम्भीर घाइते बनाएको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा धरान उपमहानगरपालिका-११ बस्ने २८ वर्षीय सुजन तामाङ, २६ वर्षीय प्रदीप तामाङ र २० वर्षीय समिर तामाङ रहेका छन् । उनीहरुले सुदर्शन श्रेष्ठको घरमा प्रवेश गरी श्रेष्ठ लगायतका व्यक्तिलाई घरेलु हातहतियार प्रहार गरी गम्भीर घाइते बनाएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

उनीहरु उपर ज्यान मार्ने उद्योग मुद्दामा जिल्ला अदालत सुनसरीबाट म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

## काँकरभिट्टा खानेपानीको निर्वाचन सम्पन्न

**काँकरभिट्टा, चैत २१।** अगामी नयाँ नेतृत्व चयनका लागि काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचन शनिबार सम्पन्न भएको छ ।

निर्वाचनमा कूल ७४ दशमलव ८४ प्रतिशत मत खसेको छ । काँकरभिट्टा माध्यमिक विद्यालयस्थित निर्वाचनस्थलमा ६ वटा बुथमा १२ वटा मतपेटिका राखिएको थियो ।

कूल ५ हजार २ सय ७८ मतदाता रहेकोमा ३ हजार ९ सय ५७ मात्र मतदानमा सहभागी भएका थिए । सवैभन्दा बढी बुथ नम्बर ३बाट ६ सय ८२ र सवैभन्दा कम ४ नम्बर बुथमा ६ सय ३ मत खसेको निर्वाचन समिति सदस्य हेमकुमार खड्काले जानकारी दिए । यसैगरी बुथ नम्बर १बाट ६ सय ७८, बुथ नम्बर २ बाट ६ सय ६३, बुथ नम्बर ५ बाट ५ सय ५५ र बुथ नम्बर ६ बाट ६ सय ७६ मत खसेको थियो ।

विहान ८ बजे शुरु भएको मतदान कार्य साँझ ५ बजेसम्मका लागि तोकिएको थियो । सवै मतपेटिकालाई सुरक्षाकर्मीको निगरानीमा काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्यालयमा सुरक्षित राखिएको छ । आइतबार विहान ८ बजेदेखि मतगणना कार्य शुरु हुने निर्वाचन समिति संयोजक लक्ष्मीप्रसाद उप्रेतीले जानकारी दिए ।

निर्वाचनमा नेपाली कांग्रेसले जनता समाजवादी पार्टी र नेकपा माओवादी केन्द्रको गठबन्धन लोकतान्त्रिक प्यानल र नेकपा एमाले र राप्रपाको गठबन्धन प्रगतिशील लोकतान्त्रिक साझा प्यानलका उम्मेदवारसहित उपाध्यक्ष पद स्वतन्त्र र संघीय लोकतान्त्रिक मञ्चका तर्फबाट समेत उम्मेदवारी परेको थियो ।

लोकतान्त्रिक प्यानलकातर्फबाट हर्कबहादुर फियाक लिम्बू र नेकपा एमाले र राप्रपा गठबन्धनको तर्फबाट राजकुमार पराजुली तथा संघीय लोकतान्त्रिक मञ्चका तर्फबाट लीलानाथ आङ्दम्बेले अध्यक्षमा प्रतिस्पर्धा गरेका छन् । नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टी नेपालको गठबन्धनबाट उपाध्यक्षमा रिमा खरेल, सचिवमा दिलीपजंग सुब्बा, कोषाध्यक्षमा

(बाँकी अन्तिम पृष्ठमा)

## लागूऔषधसहित दुई जना पक्राउ

**मोरङ, चैत्र २१।** झापा र मोरङको छुट्टाछुट्टै स्थानबाट लागूऔषधसहित २ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा झापा दमक-४का २३ बर्षीय सुमन धिमाल र सुनसरी इटहरी-२ का २५ बर्षीय अमृत मग्राती रहेका छन् । वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर-५ झिम्की चौकबाट धिमाललाई फेनारगन २० एम्पुल, डाइजेपाम २० एम्पुल र लुपिजेसिक २० एम्पुलसहित पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले बिराटनगर १६ दरैया स्थितबाट मग्रातीलाई एभिल ३ एम्पुल, लुपिजेसिक ३ एम्पुल, डाइजाल्याप ३ एम्पुल र फेनारगन ३ एम्पुलसहित नियन्त्रणमा लिएको हो ।

**पसल विक्रीमा**

राम्रो फाइदा दिइरहेको बिर्तामोडको मुक्ति चौकस्थित फेन्सी सुज स्टोर विशेष कारणले विक्री गर्नु पर्ने भएकोले व्यवसाय गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८५२६७४१७६

**श्री दहीझोडा सामुदायिक वन उपभोक्ता समूह**
**अर्जुनधारा, झापाको**

### निर्वाचन कार्यक्रम सम्बन्धी सूचना

दहीझोडा सामुदायिक वन उपभोक्ता समूहको निर्वाचन समितिको मिति २०७७।१२।२१ गतेको बैठकको निर्णय अनुसार नयाँ कार्यसमिति चयनको लागि विधानतः व्यवस्था भए अनुसार निर्वाचन कार्यक्रम तय गरिएको व्यहोरा सम्पूर्ण उपभोक्ताहरुमा जानकारीको लागि अनुरोध छ ।

१) मनोनयन दर्ताः २०७७।१२।२५ गते १० बजेदेखि ३ बजेसम्म
२) दावी विरोध गर्ने अन्तिम मितिः २०७७।१२।२७ गते ३ बजेसम्म
३) मनोनयन फिर्ताः २०७७।१२।३० गते ३ बजेसम्म
४) उम्मेदवारको नामावली प्रकाशन २०७७।१२।३१ गते १२ बजे
५) चुनाव चिन्ह वितरणः २०७७।१२।३१ गते ३ बजे
६) मतदानः २०७८।१।१० गते शुक्रवार विहान ८ बजेदेखि ४ बजेसम्म

**मनोनयन दर्ताको लागि आवश्यक कागजातहरुः**

१) एक प्रति फोटो
२) समूहको उपभोक्ता कार्डको प्रतिलिपि
३) शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
४) घरमुलीको मञ्जुरी नाम
५) नेपाली नागरिकताको प्रतिलिपि
६) १/१ जना प्रस्तावक र समर्थकको नागरिकता र उपभोक्ता कार्डको प्रतिलिपि

**७) निवेदन दस्तुर**

क) अध्यक्ष पद उम्मेदवारको लागि रु. ३०००।-
ख) उपाध्यक्ष पद उम्मेदवारको लागि रु. २०००।-
ग) सचिव पद उम्मेदवारको लागि रु. ३०००।-
घ) सहसचिव पद उम्मेदवारको लागि रु. २०००।-
ङ) कोषाध्यक्ष पद उम्मेदवारको लागि रु. २०००।-
च) सदस्य पद उम्मेदवारको लागि खुल्ला रु. १०००।- आरक्षण रु. १०००।-
अति विपन्न रु. १००।-

नोटः माथि उल्लेखित निर्वाचन कार्यक्रममध्ये १, २, ३, ४, ५ मा उल्लेखित कार्यक्रम समूहको कार्यालयमा हुने व्यहोरा अनुरोध छ ।

**छविलाल लम्सालः संयोजक, निर्वाचन समिति**

**समाल रियल स्टेट प्रा.लि.**

**जग्गा खरिद बिक्री केन्द्र**

बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा
**प्रबन्ध निर्देशकः राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**पायल्स तथा फिस्टुलाको सफल उपचार !**

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा चैत २४ गते मंगलबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

# वीरता जेसीजको मल्टीच्याप्टर तालिम




**बिर्तामोड, चैत २१।** वीरता जेसीजको आयोजनामा मल्टी च्याप्टर तालिम अन्तर्गत पार्लियामेन्ट्री प्रोसिड्युर तालिम, नेतृत्व विकास कला, माइन्यूट लेखन तालिम सम्पन्न भएको छ।

वीरता जेसीजका अध्यक्ष राजीव धिमालको अध्यक्षता जिल्ला न्यायाधीश दिलकुमार वर्देवाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक वीरता जेसीजका अन्तरशाखा संयोजक जीवनकुमार खड्काले स्वागत गरेका थिए।

नेपाल जेसीजको तालिम प्रतिष्ठानको प्राविधिक सहयोगमा भएको तालिम अन्तर्गत पार्लियामेन्ट्री प्रोसिड्युर तालिमको सहजीकरण प्रमुख प्रशिक्षक नेपाल जेसीजका पूर्व अध्यक्ष जेसीआई सिनेटर दीपक शाक्य, नेतृत्व विकास कला र माइन्युट लेखन तालिमको सहजीकरण गोकुल सापकोटाले गरेका थिए।

कार्यक्रममा झापा जिल्लाभरिका सबै शाखाका पदाधिकारी र वीरता जेसीजका पदाधिकारीहरुसहित एक सय २० जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा नेपाल जेसीजका कार्यकारिणी उपाध्यक्ष अरुणकुमार दाहाल, महासचिव सिनेटर विकास मानन्धर, तालिम आयुक्त मनिस श्रेष्ठ, क्षेत्र क निरुपित राष्ट्रिय उपाध्यक्ष रजनी थापा, ब्लग कोअर्डिनेटर सुमन तिम्सिना, पूर्व उपाध्यक्ष प्रशान्त भण्डारी, विशाल थापा, वीरता जेसीजका पूर्वअध्यक्ष राजेन्द्र चम्लागाँई, सजेश शिवाकोटी, निवर्तमान अध्यक्ष मिजास पोखरेललगायतको आतिथ्य रहेको थियो।

वीरता जेसीजका प्रकरण निर्देशक कमल श्रेष्ठले आस्था वाचन गरेको कार्यक्रममा जेसीआई मिसन भिजन वाचन वीरता जेसीजका वातावरण तथा सरसफाई संयोजक प्रज्ज्वल विमलीले गरेका थिए भने कार्यकारिणी उपाध्यक्ष विकास बस्नेतले धन्यवाद ज्ञापन गरेका थिए। कार्यक्रमको सञ्चालन वीरता जेसीजका महासचिव लोकचन्द्र श्रेष्ठले गरेको कार्यालय सचिव सञ्जय राजवंशीले जानकारी दिए।

## शिक्षक गुरागाँईलाई मातृ शोक



**झापा, चैत २१।** गौरीशंकर माध्यमिक विद्यालय डाँगीबारीका शिक्षक लोचनकुमार गुरागाँईलाई मातृ शोक परेको छ।

बाह्रदशी गाउँपालिका-३ राजगढ निवासी गुरागाँईकी आमा टोमादेवीको ७८ वर्षको उमेरमा शनिवार निधन भएको हो।

धार्मिक तथा सामाजिक व्यक्तित्व टोमादेवी केही समयदेखि अस्वस्थ भई बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचाररत् थिइन्। स्वास्थ्यमा क्रमिक सुधार आएपछि घर पुऱ्याइएकी टोमादेवीको निवासमै निधन भएको हो।

टोमादेवीका श्रीमान् ओमनाथ, एक छोरा लोचन-विमला देवी गुरागाँई रहेका छन्। त्यस्तै एक छोरी सीता भट्टराई रहेका छन्।

टोमादेवीको शनिवार नै कनकाई माईमा दाहसंस्कार गरिएको पशुपति माविका पूर्वशिक्षक गंगाप्रसाद अधिकारीले जानकारी दिए।

## रेडक्रसलाई तयारी पोशाक प्रदान



**भद्रपुर, चैत २१।** व्यावसायिक तथा सिप विकास तालिम केन्द्र भद्रपुरले ७२० थान तयारी पोशाक नेपाल रेडक्रस सोसाइटी भद्रपुर उपशाखालाई हस्तान्तरण गरेको छ।

विपद्मा परेका अतिविपन्न परिवारहरूको सहयोग लागि तालिम केन्द्रले उक्त तयारी पोशाक रेडक्रस सोसाइटीलाई हस्तान्तरण गरेको हो। सो पोशाक तालिम केन्द्रकी प्रमुख कृष्णा श्रेष्ठले रेडक्रस उपशाखाका सचिव दीपकुमार लिम्बूलाई हस्तान्तरण गरेका थिए।

तालिम केन्द्रले आर्थिक वर्ष ०७६/०७७ र ०७७/०७८मा सञ्चालन गरेको सिलाइकटाइ तालिमको दौरान सो तयारी पोशाक बनाएका थिए। हस्तान्तरण कार्यक्रमको सञ्चालन तालिम केन्द्रका कर्मचारी गौतम पौडेलले गरेका थिए।

## भरुवा बन्दुकसहित नेवार पक्राउ

**भोजपुर, चैत २१।** आमचोक गाउँपालिका-७ देवानटारबाट १ थान भरूवा बन्दुकसहित सोही ठाउँ बस्ने ३५ बर्षीय प्रेम बहादुर नेवारलाई प्रहरीले पक्राउ गरेको छ।

प्रेमबहादुर र सोही ठाउँ बस्ने ५३ बर्षीय जीतबहादुर मगर सोही ठाउँस्थित मान्द्रेकुमताला सामुदायिक वनमा भरुवा बन्दुक बोकी बाँदर खेदाउने क्रममा उक्त बन्दुक अचानक पड्किन गई जीतबहादुर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बोयाङबाट खटिएको प्रहरीले बन्दुकसहित प्रेमबहादुरलाई पक्राउ गरेको हो। घाइते जीतबहादुरलाई उपचारको लागि धरान घोपातर्फ लगिएको छ।

### शिवसताक्षी- ५मा...

लागि वर्षौ विदेश बसेर जीवनको उर्वर उमेर उतै बिताएँ।

शिवसताक्षी-५ साविकको पाँचगाछी गाविस वडा नम्बर २, ५, ८ र ९ नम्बर वडाबाट बनेको हो। यो वडाका ६५ प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध छन्। बाँकी ३५ प्रतिशत अतिविपन्न वर्गका मानिस र सुकुम्बासी हुन्। ५ हजारको हाराहारीमा जनसंख्या रहेको वडा ९.५५ बर्ग किलोमिटरमा फैलिएको छ। वडाध्यक्ष सत्यनारायण राजवंशीका अनुसार वडामा आधारभूत आवश्यकता स्वास्थ्य, शिक्षा, सञ्चार, सडक, बिजुली, खानेपानी लगायतका पूर्वाधार निर्माण भइसकेको छ। वडामा बालकल्याण आधारभूत विद्यालय र सूर्योदय आधारभूत विद्यालय सहित संस्थागत सूर्योदय अंग्रेजी स्कुल पनि छ, उच्च तहका लागि शिवगञ्ज जाने गरेका छन्।

वडालाई पूर्वको कनकाई र पश्चिमतर्फको कमल बनियानी नदीको कटानले वर्षेनि दुःख दिइरहेको छ। योसहित बर्खामा आउने भेलले वडाबासीका खेतीयोग्य जमिन क्षति गर्ने गरेको छ। वडासमितिका अनुसार वडाको सबैभन्दा ठूलो चुनौतिका रुपमा नदि कटान, डुवान र त्यसबाट हुने मानवीय क्षति नै हो।

वडाको अर्को समस्या भनेको सुकुम्बासीको व्यवस्थापन गर्न नसक्नु हो। कन्काई नदीले यस अघि कटान गरेर विस्थापित बनेका परिवारलाई सरकारले व्यवस्थापन गर्न नसक्नु वडामा ठूलो समस्या रहेको वडापालिका सदस्य कृष्ण ताजपुरियाले बताए। उनले भने- 'उनीहरुको लगत संकलन गरेर नगरमा पठाउने योजना वडाले बनाएको छ। अब, चाँडै यो समस्याको समाधान हुनेछ।' कन्काईको कटानले विस्थापित २६ घर परिवार कन्काइ नहरको बाँधमा बर्षौदेखि छाप्रो हालेर बसिरहेका छन्।

वडा पालिकाले हालसम्म ६ किलोमिटर कच्ची सडक निर्माण गरेको छ भने ३६ किलोमिटर कच्ची सडक स्तरोन्नति (ग्राभेल) गरेको छ। वडाध्यक्ष राजबंशीका अनुसार वडाको हात्तीसारदेखि बिश्वडुवासम्म ४ किलोमिटर सडक संघीय सरकारको समपूरक बजेटबाट कालोपत्रे भएको छ। यो सडक नगर गौरव योजना अन्तर्गतको रिङ्रोड हो।

वडापालिकाको सक्रियतामा संघीय र प्रदेश सरकारले १५/१५ लाख र जिल्ला समन्वय समिति झापाले ४० लाख गरेर कूल ७० लाखको लागतमा वडाको आफ्नै भवन निर्माणाधीन अवस्थामा छ। वडा सचिव खेम दुलालका अनुसार सम्भवतः बैशाख १ देखि नयाँ भवनबाट वडापालिकाको कार्यालय सञ्चालन हुनेछ। वडापालिकाले आफ्नै जग्गामा खोप केन्द्रको भवन पनि निर्माण गरेको छ। सोही केन्द्रबाट वडाबासीले स्वास्थ्यको सेवाको सुविधा र परामर्श लिन थालेका छन्।

वडामा हालसम्म १ करोड ९० लाख रुपैयाँ वडा सिलिङ बजेट खर्च भइसकेको छ। वडाध्यक्ष राजबंशीका अनुसार स्थायी पूर्वाधार निर्माण, कृषि, स्वास्थ्य, शिक्षा, विद्युत, लक्षित समुदायको स्तरोन्नति लगायतका विषयमा खर्च भएको हो। वडापालिकाले गरेका हरेक योजनामा वडाबासी सन्तुष्ट छन्।

२ पटक धान, मकै, गहुँ लगायतका खेती हुने सो वडामा ६५ प्रतिशत किसानले तरकारी खेतीलाई प्राथमिकता दिने गरेका छन्। अधियाँ, ठेक्का, बन्दकी वा लिजमै लिएर भएपनि बिपन्नले तरकारी खेती गरेर आयआर्जन गरिरहेका छन्। वडाको तरकारी खेती जिल्लाका ठूला बजार बिर्तामोड, दमक, सुरुङगा, झिलझिलेसम्म विक्रीका लागि पुऱ्याउने गरिएको किसानले बताएका छन्।

उपभोक्ता समिति गठन गर्दा पनि सेवा क्षेत्रका वडाबासीको आम भेलाबाट छनौट भएका सक्षम वडाका नागरिकले योजनाको नेतृत्व गर्ने गरेका छन्। नेपाली कांग्रेसका सक्रिय सदस्य मनकुमार ताजपुरियाको अध्यक्षतामा आम्बाडी चोक देखि पश्चिम रिङरोड जोडने सडक ग्राभेल भयो। नेपाली कांग्रेसकै अर्का सदस्य देवी संग्रौलाको अध्यक्षतामा कटुवाल चोक बाट पूर्व माइखोलासम्मको सडक ग्राभेल भयो। वडाको जनता बजारदेखि भेलामुनिसम्मको सडक पनि जगत ताजपुरियाको नेतृत्वमा भयो।

वडाध्यक्ष राजबंशी भन्छन्- 'वडामा जति पनि योजना सञ्चालन भएका छन् ती सबै तोकिएको समयभन्दा २ महिना अघि नै निर्माण सम्पन्न भएका हुन्। वडाका योजना र हरेक गतिविधिमा वडाका राजनीतिक दल एक ठाउँमा उभिने गरेका छन्। नेकपा एमाले, नेकपा माओवादी, नेपाली कांग्रेस, राप्रपा, संघीय समाजवादी, लिम्बुवान लगायतका पार्टी मिलेरै वडाको विकास सम्भव भएको बताउँछन्- स्थानीय जगत ताजपुरिया।

वडाको न्यायिक समितिले हालसम्म करिव ३ सय ५० वटा विभिन्न प्रकृतिका मुद्दा फछ्र्यौट गरेको छ। वडा कार्यपालिकाका सदस्य सबैले आफ्नो आफ्नो टोलको मुद्दा हेर्ने गरेका छन्। वडामा साँधसीमाना, आर्थिक लेनदेन, गाली वेइज्जति, कुटपिट, मानहानी, अनैतिक सम्बन्ध, घरेलु हिंसा लगायतका मुद्दा आउने गरेका छन्।

वडाध्यक्ष राजबंशीका अनुसार वडामा कूल मुद्दाको ५ प्रतिशत पत्नी पीडित मुद्दा आएका छन्। सम्बन्धविच्देद नै गर्ने गरी वडापालिका आएका श्रीमान् श्रीमती मिलेर घर फर्कदा आफूहरुलाई आनन्द आउने गरको महिला वडा सदस्य सीता खड्काले बताइन्। वडापालिकाकी अर्की सदस्य रीमा विक पनि समुदायप्रति निकै जिम्मेवार ढंगले लागीपरेकी छन्। उनले भनिन्- 'वडा कार्यपालिकाका हामी सदस्य सफल हुनु भनेको वडाबासीको माया, ममता र प्रेरणा नै हो।'

### काँकरभिट्टा ...

मिनाकुमारी कटवालको उम्मेदवारी छ।

कार्य समितिको महिला सदस्यहरुमा जोश्ना राजवंशी र पार्वती खड्काले उम्मेदवारी दिएका थिए। सदस्यहरुमा खगराज भट्टराई, केदारजंग भट्टराई, शेरबहादुर थापा सदस्यका उम्मेदवार रहेका छन्। लोकतान्त्रिक प्यानल समूहबाट लेखा समिति संयोजकमा कृष्ण कट्टेल तथा सदस्यहरुमा इन्दिरा बुढाथोकी अधिकारी र मीरा कार्कीको उम्मेदवारी परेको छ।

पराजुलीको समूहबाट उपाध्यक्षमा गोविन्द गिरी, सचिवमा चन्द्रप्रसाद निरौला, कोषाध्यक्षमा हेमा सिटौलाको उम्मेदवारी थियो। यसैगरी राप्रपाको भागमा लेखा समितिको संयोजकको उम्मेदवारमा जीवन थापालाई खडा गरिएको छ भने कार्य समितिको महिला सदस्यहरुमा दुर्गादेवी भेटवाल, मिनमाया लिम्बू सुब्बाको उम्मेदवारी परेको छ। सदस्यहरुमा रवीन राउत, प्रितम काफ्ले, र नारायण काफ्लेको उम्मेदवारी परेको छ भने लेखा समिति सदस्यमा सीता राई र टोलबहादुर सुनारलाई अघि सारेको छ।

संघीय लोकतान्त्रिक मञ्चका तर्फबाट उपाध्यक्षमा राजु चेम्जोङ्ग र सचिवमा चन्द्रकुमार राईको उम्मेदवारी परेको छ। यसैगरी उक्त पार्टीबाट कोषाध्यक्षमा भवानी महत तथा सदस्यहरुमा भवानीविक्रम तुम्बापो र प्रकाश गुरुङको उम्मेदवारी रहेको छ। उपाध्यक्ष पदमा स्वतन्त्र उम्मेदवार कृष्णबहादुर सुवेदीले प्रतिस्पर्धा गरेका छन्।

### शिशुको ...

प्रहरीले उनलाई पक्राउ गरी उनी उपर कर्तव्य ज्यान सम्बन्धी कसूर अन्तर्गत थप अनुसन्धानको कार्य अगाडि बढाइएको उक्त कार्यालयले जनाएको छ।

**सच्याइएको,**

मिति २०७७ चैत २१ गते शनिवारको अंक पेष्ठ ६मा प्रकाशित 'हार्दिक समवेदना एवम् भावपूर्ण श्रद्धाञ्जलि' मा नेपाली कांग्रेसकी नेतृ गिरिराज कुमारी प्रसाईंको देहावसान भएको मिति २०७७ साल चैत १० गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। -पूर्वाञ्चल दैनिक


**तु- चाहियो**

कृषिफर्ममा बसेर काम गर्ने दम्पत्ति चाहियो।

**सम्पर्क फोन नं.**
**९८१५०८०३९१**

**पसल विक्रीमा**

राम्रो फाइदा दिइरहेको बिर्तामोडको मुक्ति चौकस्थित फेन्सी सुज स्टोर विशेष कारणले विक्री गर्नु पर्ने भएकोले व्यवसाय गर्न इच्छुकले तुरुन्त सम्पर्क गर्नु होला।

सम्पर्क : ९८५२६७४१७६

**संस्था एकीकरण भई कारोबार सञ्चालन भएको सम्बन्धी सूचना**

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ रजिष्ट्रार कार्यालय इटहरीबाट मिति २०७७ साल चैत्र १८ गते आकाशगंगा बचत तथा ऋण संस्था लि. बिर्तामोड-५, झापा र सूर्योदय दुग्ध उत्पादन सहकारी संस्था लि. बिर्तामोड-५, झापाको संस्था एकीकरण भई आकाशगंगा बचत तथा ऋण संस्था लि. को नामबाट साविक सूर्योदय दुग्ध उत्पादन सहकारी संस्था लि. को कार्यालय रहेको मेधा कम्प्लेक्सको भवनबाट कारोबार सुचारु रुपले सञ्चालन हुन थालेको सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा जानकारीका लागि सूचित गराइन्छ।

**फोन नं. : ०२३-५३०००१**

**सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-१, झापाको सूचना**

यस सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि. कार्यालयमा लामो समयदेखि सम्पर्कमा नरहनुभएका सम्पूर्ण शेयर तथा बचत सदस्य महानुभावहरुमा यो सूचना प्रकाशित मितिबाट एक हप्ताभित्रमा कार्यालयमा सम्पर्क गरी आफ्नो बचत रकम रुजु गराई बचत सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं, अन्यथा संस्था जवाफदेही हुने छैन।

अध्यक्ष
सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड, झापा

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोन झट्ट सेवा'




सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**Vacancy**

**Position :** office staff
**quantity :** 1 person
**sex :** Male
**age :** 20-30
**qualification :** +2
**Skill :** General computer knowledge, Motorcycle driving licence, First priority for (CPVC, PVC, HDPE product Knowledge)

**Contact :** 9801423261
**Panchakanya Sales Depot,** Birtamode, Jhapa
Mohan Thapa

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**कर्मचारी आवश्यकता**

यस ग्रिल मार्ट प्रा.लि.लाई निम्न कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला।
**पद :** मार्केटिङ्ग
**संख्या :** केही
**योग्यता :** एसईई/एसएलसी
**तलब :** १५,०००।-
**आवश्यक कागजात :** शैक्षिक योग्यताको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, २ प्रति फोटो
**सम्पर्क :** ९८२५३५८७९६, ९८१७०५०१५८, ९८६६६७२५७९

**सुवर्ण अवसर ! सुवर्ण अवसर !!**

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००।- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ। यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला। सिट सिमित छ।

**सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर,** बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

**डिभिजन वन कार्यालय, झापा**
प्रदेश नं. १ नेपाल
सम्पर्क : ०२३-४५५०५३

- हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं। आगो बाल्दा होसियार रहौं, आगोको काम सकिएपछि राम्ररी निभाऔं।
- वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायाँ-बायाँ तथा घरबारी वरिपरि रहेका पातपतिङ्गर जस्ता सजिलै बल्न सक्ने पदार्थहरुलाई हटाई सफा राखौं।
- गाउँ, टोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपद्बाट बचौं र बचाऔं।
- आगलागी भई हालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं। आफ्नो ज्यानमा खतरा नहुने गरी वन डढेलो निभाऔं।
- वनमा आगो लगाउनु दण्डनीय अपराध हो। डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानूनी कारबाही गराऔं।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिँड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिँड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**सुरक्षागार्ड चाहियो**

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला।
**लेखापाल :** १ जना
**योग्यता :** +२ पास (अनुभवी)

**सेक्टरवान सेक्यूरिटी सर्भिस**
बिर्तामोड, झापा
**फोन सम्पर्क :**
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# उच्च सतर्कता जरुरी

**छिमेकी देश भारतमा वैश्विक महामारी कोभिड–१९ ले फेरि आतंकको रुप लिन थालेको छ । गएको चौबीस घण्टामा ८१ हजारभन्दा बढी मानिसमा संक्रमण प्रमाणित भएको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ । गत सेप्टेम्बर महिनाको मध्यमा उच्च विन्दुमा पुगेको संक्रमण त्यसपछि लगातार घट्न थालेको थियो । तर, अहिले संक्रमण दिनहुँ बढ्दो क्रममा रहेको तथ्यांक सार्वजनिक भएको छ । भारतको महाराष्ट्र संक्रमणको उच्च बिस्तारमा छ जहाँ गएको चौबीस घण्टामा ४३ हजार मानिसमा संक्रमण पुष्टि हुँदा दुई सय ४९ जनाको संक्रमण कै कारण मृत्यु भएको छ । यस बाहेक संक्रमणको उच्च दर रहेको कर्नाटक, छत्तीसगढ लगायतका राज्यहरुमा कोभिड–१९ को दोस्रो लहर त्रासदी बनेर आएको छ ।**

**भारतमा व्यापक भइरहेको कोभिड–१९ को प्रभाव खुल्ला सीमाना भएका कारण नेपालमा पनि देखिन थालेको छ । रोजगारीका लागि भारत गएका नेपाली स्वदेश फिर्ने क्रम बढेपछि कोभिड–१९ विस्तारको जोखिम बढ्न थालेको हो भने सीमानाकामा कडाइ गर्न थालिएको छ । कोभिड–१९ को पहिलो चरणमा जस्तै अहिले मानिसमा सजगता हराउँदै गएको छ । मास्क लगाउने, दूरी कायम गर्ने, हात सफा गर्ने लगायतका जनस्वास्थ्यका मापदण्डको पालना गर्न छाडिएको छ । अझ सरकारमा रहेको दल र सरकारकै तर्फबाट सभा, प्रदर्शन गर्न थालिएपछि त आम मानिसको बुझाइमा कोभिड–१९ उन्मुलन नै भएको मानसिकताले जरा गाडेको छ । परिणाम यसबेला दिनहुँ कोभिड–१९ संक्रमितहरुको ग्राफ उकालो चढ्न थालेको छ । पछिल्लो चरणमा प्रहरी प्रशासनका तर्फबाट गरिएको कडाइ खुकुलिएसँगै मानिसले मास्क नै लगाउन छाडिसकेका छन् भने भीडभाड हुने ठाउँहरु पूर्ववत् र निर्वाध सञ्चालन भइरहेका छन् ।**

**कोभिड–१९ को प्रभाव बढ्दै जाँदा भारतसँग सीमा जोडिएका आवागमनको मुख्य विन्दुहरुमा कडाइ गर्न थालिएको हो । पूर्वी नाका मेचीनगरस्थित काँकरभिट्टामा आवत–जावतमा कडाइ गरिनुका साथै आवत–जावत गर्नेहरुको अभिलेख राख्न थालिएको छ । मेचीनगर नगरपालिका कोभिड–१९ रोकथाम नियन्त्रण तथा व्यवस्थापन समितिको अगुवाइमा हेल्थडेक्स पुनर्जिवित गर्नुका साथै क्वारेन्टाइन, आइसोलेसन केन्द्रलाई तम्तयार गरी आवश्यक सबै तयारी दुरुस्त पार्न थालिएको छ । काँकरभिट्टास्थित सशस्त्र प्रहरीको सहायता कक्षमा नेपाल प्रवेश गर्नेहरुको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइएको छ भने नेपाली सेनाले मेची पुलमै होल्डिङ सेन्टर सञ्चालनमा ल्याएको छ । भारत प्रवेश गर्ने मुख्य द्वारका रुपमा रहेको काँकरभिट्टा आवागमन कै दृष्टिले उच्च जोखिममा रहेको सन्दर्भमा नियन्त्रणका लागि सर्तकता, सजगता र अग्रसरता देखाउन आवश्यक छ । शुक्रबार मात्रै एक सय ७९ जनामा संक्रमण देखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । कोभिड–१९ विरुद्धको खोप पनि लगाउन थालिएको सन्दर्भमा बढ्दो संक्रमण रोक्न सबै पक्षले उच्च सतर्कता अपनाउन जरुरी छ । स्वास्थ्य प्रतिको लापरवाही स्वयम्का लागि घातक नहोस् सबै सचेत होऔं ।**

# बढ्दो औद्योगिकरण र शहरीकरण नै वातावरण प्रदूषण



रबिना मैनाली

मानिसका आवश्यकतालाई परिपूर्ति गर्न कुनै पनि क्षेत्रमा आवश्यकता अनुसारका सामानहरुको बृहत उत्पादन वा सेवालाई उद्योग भनिन्छ। सामान्यतयाः उद्योगधन्दाको विकास र बिस्तारले जनजीवनको रहनसहनको स्तरमा सुधार ल्याउँछ र जीवनयापन गर्नका निमित्त सस्तोमा र सजिलोसँग वस्तु उपभोगको सुविधा पाइन्छ। कुनै पनि देश वा क्षेत्रको तीव्र विकासका लागि औद्योगीकरणको अहम् भूमिका रहेको हुन्छ। उद्योगधन्दाको विस्तारले नै देशको दिगो विकास सम्भव छ र मुलुकको अर्थतन्त्र लगायत विभिन्न क्षेत्रमा तीव्ररुपमा परिवर्तन आउँदछ। अमेरिका, अस्ट्रेलिया, जापान, चीन, बेलायत जस्ता देशहरुको तीव्र विकासको कारण पनि औद्योगिक विकास नै हो।

नेपाल एउटा अल्पविकसित देश हो। जहाँ दुईतिहाई जनता कृषिमा निर्भर छन्। स्रोत साधनको कमी र शिक्षा, तालिम, बजार र अस्थिर राजनीतिका कारण यहाँ कृषि व्यवसाय गर्नेहरुको प्रतिव्यक्ति आय न्यून छ। यो भारी संख्याको कृषि क्षेत्रको अनावश्यक चापलाई उद्यमी र रोजगारीमा रुपान्तरण गरी उनीहरुको प्रतिव्यक्ति आया र देशको अर्थतन्त्रलाई उकास्न औद्योगीकरण हुन नितान्त आवश्यक छ। तर, यहाँका नागरिक, उद्यमीहरुसँग पुँजीको कमी छ ठूलो परिमाणमा लगानी गर्न सक्ने अवस्था छैन।

व्यावसायिक ज्ञान, सीप, तालिम, क्षमता, प्रविधि र अनुभवको पनि कमी छ। तसर्थ, पछिल्लो समयमामा यहाँ विदेशी लगानीकर्ताहरुको भीड हरेक वर्ष बढ्दै गएको तथ्यांकले देखाउँछ। नेपालमा चीन, भारत, बेलायत सबैभन्दा बढी लगानी गर्ने देशहरु हुन्। दिन प्रतिदिन औद्योगीकरणलाई सोच्न थालेको देशमा भने यसको असर कहाँ-कहाँ पुग्दैछ र कसरी पुग्दैछ भन्ने कुरामा नेपाल सरकारको बेलैमा ध्यानाकर्षण हुन जरुरी छ।



पछिल्लो समय नेपालको विभिन्न ठाउँमा वातावरण प्रदुषण बढेको जनमानसमा हविगत छ्देैछ। जसको विभिन्न कारणहरु मध्य जनसंख्या वृद्धि, बढ्दो शहरीकरण र घर बाहिर र भित्रका फोहोरमैलाको उचित व्यवस्थापनमा नजरअन्दाज गर्नु प्रमुख कारण हुन्। जनसंख्या वृद्धि र शहरीकरणले फोहोरमैला बढाउनुको साथै वन जङ्गलको विनाश हुनु पनि एक प्रमुख कारण हो, जसको प्रभाव सबैभन्दा धेरै वातावरणमा पर्दछ।

पृथ्वीमा रहेको जीव, वनस्पति, हावा, पानी माटो अथवा सम्पूर्ण जैविक तथा अजैविक वस्तुहरुको उपस्थित नै वातावरण हो। जो प्राकृतिक सम्पदा पनि हुन्। वातावरण मानव जीवनका लागि अपरिहार्य छ। र, यसलाई सन्तुलन र स्वच्छतामा राख्न हाम्रै कर्तव्य र जिम्मेवारी पनि हो। तर, आजभोलि शहर, गाउँ, गल्ली, टोल सबै आफूमा व्यस्त छन्। सरकार र नागरिकहरू वातावरणप्रति गैरजिम्मेवारी हुँदै गएकोले आज प्रदूषण हुने राष्ट्र, शहरको नामलिस्टमा नेपाल पनि आउँछ।

वातावरणीय अस्तित्वलाई दखल नपर्ने गरि र प्राकृतिक स्रोत साधनलाई संरक्षित गर्दै विकासको गतिलाई एकीकृत र समानस्वरुपमा अगाडि लैजानु नै वातावरण व्यवस्थापन हो। मानव र वातावरणबीचको सम्बन्धलाई सुमधुर बनाई राख्न वातावरण व्यवस्थापन अति आवश्यक छ। मानिसलाई अत्यावश्यक आधरभूत आवश्यकताहरु वातावरणले नै उपलब्ध गराउँछ भने अर्कोतिर मानिस नै वातावरणलाई जोखिममा पारेर प्राकृतिमाथि अतिक्रमण गरेर विभिन्न समस्यहरुको सृजना आफै गर्दैछ।

मानिसले भौतिक उन्नति गर्ने क्रममा प्रकृति र वातावरण स्वच्छताप्रति आँच पुऱ्याउने काम गरेको छ। प्राकृतिक वस्तु र अस्तित्वमा दखल पुगेपछि यसले मानव जीवनलाई पनि कष्टकर बनाइदिन्छ। यसले हरेक प्रकारका विकासमा अवरोध गर्नेछ। आजको स्थितिलाई विश्लेषण गर्ने हो भने वातावरण प्रदुषण विभिन्न कारणले हुँदै आइरहेको छ। जल प्रदूषण, ध्वनि प्रदूषण, वायु प्रदूषण भूमि प्रदूषण, रासायनिक प्रदूषण, अनियन्त्रित जनसंख्या वृद्धि, यातायातका साधनमा तीव्र वृद्धि, प्राकृतिक साधनको शोषण, वनजंगलको फडानी, जन चेतनाको अभाव, वातावरण संरक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय समन्वयको कमी प्रमुख प्रदूषणका कारण हुन्।

गाउँ, ठाउँ शहरीकरण हुनु, बाटो-घाटो बन्नु, हिजो मान्छे नपुग्ने ठाउँमा आज कलकारखान खोलिनु, रोजगारीको सृजना गर्नु भनेको देश विकासतर्फ लम्कनु हो। तर, यसबीचमा औद्योगिक तथा वैज्ञानिक प्रगति, रासायनिक पदार्थको उत्पादन र अव्यवस्थित प्रयोग अनि प्राकृतिक स्रोत साधनको दुरुपयोगले वातावरणप्रति के-कस्तो असर पर्दैछ भन्ने कुरा सरकार, संम्बन्धित निकाय र नागरिकले बेलैमा यतातिर ध्यानाकर्षण गर्नैपर्छ। नत्र मुलुक र जनतामा अन्य धेरै प्रकारका कष्टहरु आइलाग्ने कुरा ध्रुवसत्य छ। किनकि वातावरणलाई नकारात्मक असर पारेर या यसको सन्तुलन भंग गरेर कुनै पनि सोचले जीत हासिल गर्न सक्दैन। तसर्थ, सरकारले बेलैमा वातावरण स्वच्छता र वातावरण व्यवस्थापनप्रति काम गर्न अति जरुरी छ।

## महापुराणको रकम मन्दिर र पूर्वाधार निर्माणमा

**अर्जुनधारा, चैत २१।** अर्जुनधारा-९ स्थित भूवनेश्वर शिव पाञ्चायन आनन्दधाममा गत फागुनमा सम्पन्न भएको श्रीमद् गरुड महापुराणको आम्दानी-खर्च विवरण सार्वजनिक गरिएको छ।

महापुराण आयोजक समितिका संयोजक जीवन कडरियाको अध्यक्षतामा भएको कार्यक्रममा आर्थिक उपसमितिका संयोजक मिलन राईले महापुराणको आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। प्रस्तुत प्रतिवेदनमा महापुराणको जम्मा आम्दानी छ लाख चार हजार छ सय ९० रुपैयाँ, जम्मा खर्च दुई लाख ७५ हजार तीन सय ७१ रुपैयाँ र जम्मा बचत तीन लाख २९ हजार तीन सय १९ रुपैयाँ उल्लेख गरिएको छ।

त्यसैगरी कार्यक्रममा संयोजक कडरियाले महापुराण सञ्चालन अवधिको माइन्यूट बुकसँगै आर्थिक गतिविधिसहितको प्रतिवेदन धाम व्यवस्थापन समितिका अध्यक्ष डिल्ली चापागाईलाई हस्तान्तरण गरेका थिए। महापुराणमा बचत भएको उक्त रकम धाम परिसरमा आवश्यक मन्दिरसँगै अन्य पूर्वाधार निर्माणमा खर्च गरिने अध्यक्ष चापागाईले जानकारी दिए।

समितिका सल्लाहकार शान्तवीर बुढाथोकी, पूर्व अध्यक्षद्वय देवराज गौतम र राजकुमार महतरा, वडा खेलकुद विकास समितिका संयोजक सुरेन राई, व्यवसायी गणेश खरेल लगायतको आतिथ्य रहेको कार्यक्रममा दाता एवम् पूर्व कोषाध्यक्ष रुद्र न्यौपानेले मन्तव्य व्यक्त गरेका थिए। भूवनेश्वर किर्तन मण्डलीका अध्यक्ष रामप्रसाद खरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव धनबहादुर बिष्टले गरेको समितिकी कोषाध्यक्ष टीका गौतमले जानकारी दिइन्।

## एलजीबीटीआई बारे शिक्षकलाई प्रशिक्षण




**बिर्तामोड, चैत २१।** यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरुको मानवअधिकारका लागि काम गर्ने संस्था मितिनी नेपालले विद्यालयमा हुने यौनिक तथा लैङ्गिक अल्पसंख्यकका समस्याबारे निजी तथा सामुदायिक विद्यालयका शिक्षकहरुसँग छलफल तथा अन्तरक्रिया गरेको छ।

नेपालका यौनिक तथा लैङ्गिक अल्पसंख्यकले विद्यालयमा भोग्नु परेका समस्या र शिक्षकहरुले समस्या पहिचान गर्न नसक्दा आइपर्ने अप्ठ्याराहरुको पहिचान गरी अध्यापनमा सहजता प्रदान गर्ने उद्देश्यले निजी तथा सामुदायिक विद्यालयका शिक्षकहरुसँग छलफल तथा अन्तरक्रिया गरिएको मितिनी नेपालकी कार्यकारी निर्देशक सरीता केसीले जानकारी दिइन्।

कार्यक्रमको सहजीकरण ब्लु डाइमण्ड सोसाइटीका सामुदायिक वकालतकर्ता सुमन तामाङ, मितिनी नेपालकी कार्यकारी निर्देशक सरीता केसी, मितिनी नेपालका अध्यक्ष लक्ष्मी घलानलगायतले गरेका थिए। उनीहरुले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय (एलजीवीटीआई)का बारेमा सहभागि शिक्षकलाई जानकारी गराएका थिए।

कार्यक्रममा झापाका निजी तथा सामुदायिक विद्यालयका २० जनाभन्दा वढी शिक्षकहरुको सहभागिता रहेको मितिनी नेपालकी प्रदेश नं. १की संयोजक कविता तामाङले जानकारी दिइन्।

## आयोजनाको सार्वजनिक सुनुवाई

**उमानाथ भण्डारी**

**कमल, चैत २१।** उन्नत धान उत्पादन ब्लक आयोजना समिति र मकै सघन बाली विकास आयोजना समितिको संयुक्त आयोजनामा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना ब्लक विकास कार्यक्रम २०७७/०७८ अन्तर्गतको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ।

उक्त कार्यक्रममा दुबै आयोजना मार्फत भएका कृषि कार्यक्रमहरु, कृषि औजार उपकरण वितरण लगायतका विवरण प्रस्तुत गरिएको थियो। उन्नत धान उत्पादन ब्लक आयोजनाका अध्यक्ष त्रिलोचन गौतमको अध्यक्षता तथा चुलाचुली गाउँपालिका प्रमुख प्रदिपचन्द्र राईको प्रमुख आतिथ्य र कृषि ज्ञान केन्द्र इलामका प्रमुख टोनी बर्देवाको विशेष आतिथ्य रहेको थियो।

उन्नत धान उत्पादन ब्लक आयोजनाका सचिव सुरेन्द्र भट्टराईले कार्यक्रमको सञ्चालन गरेको कार्यक्रममा स्वागत मकै सघन बाली बिकास आयोजनका उपाध्यक्ष बिष्णुमाया सिटौलाले गरेकी थिइन्। कार्यक्रममा उन्नत धान उत्पादन ब्लक आयोजनाका सचिव सुरेन्द्र भट्टराई र मकै सघन बाली विकास आयोजनका सचिव सन्तोष थाम्सुहाङले औचित्यमाथि प्रष्ट पारेका थिए।

## पाँचथरमा ६४औं राष्ट्रिय सहकारी दिवस

**पाँचथर, चैत २१।** जिल्ला सहकारी संघ पाँचथरले फिदिममा ६४औं राष्ट्रिय सहकारी दिवस मनाएको छ।

राष्ट्रिय सहकारी बैंकका शाखा प्रमुख बुद्धराम बल तामाङको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा फिदिम नगरपालिका सहकारी शाखाका प्रमुख सरस्वती शिवाकोटी, जिल्ला बचत संघका अध्यक्ष जीवन गिरी, कालिका कृषि सहकारी संस्थाका अध्यक्ष ज्ञाननाथ बाँस्कोटा, विश्वज्योति बचत तथा ऋण सहकारी संस्थाका लेखा समिति संयोजक हेमप्रकाश सुवेदी, राष्ट्रसेवक सहकारी संस्थाका अध्यक्ष एवम् जिल्ला संघका सदस्य खड्ग बोहोरा, कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष चन्द्र काफ्ले लगायतले बोलेको जिल्ला सहकारी संघका सहसचिव रामप्रसाद बाँस्कोटाले बताए।

त्यस्तै, फाल्गुनन्द गाउँपालिकामा पनि गाउँपालिकास्तरीय सहकारी सञ्जालको आयोजनामा सहकारी दिवस मनाइएको छ। सञ्जालका अध्यक्ष पेम्बा शेर्पाको अध्यक्षतामा जडिबुटी सहकारी प्रदेश नं. १ का अध्यक्ष शंकरध्वज नेम्वाङ तथा वडा नं. १ का अध्यक्ष होमप्रसाद आङ्देम्बेको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको सञ्जालका सचिव खोमनाथ आचार्यले जानकारी दिए।

कार्यक्रममा जिल्ला सहकारी पाँचथरका प्रतिनिधि गोपाल घिमिरे, जनउद्धार संघका प्रतिनिधि गणेश लामिछाने, कुम्मायक जडिबुटी सहकारी यासोकका संरक्षक विपीन सम्बाहाम्फे तथा प्रतिनिधि गुनेन्द्र लिम्बू सम्बाहाम्फे, फुङ्बारी कृषि सहकारीका डिगम्भीर नेम्वाङ लगायतले शुभकामना मन्तव्य राखेका थिए।

## दुर्घटना न्यूनीकरण गर्न जोड

**कमल, चैत २१।** दिनानुदिन बढिरहेको सवारी दुर्घटना र लागूऔषध प्रयोगमा न्यूनीकरणका लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

प्रहरी चौकी केर्खाको आयोजनामा भएको कार्यक्रममा सडकमा दैनिकजसो हुने गरेको सवारी दुर्घटना तथा लागूऔषधि न्यूनीकरणका लागि सबैले सजकता अपनाउनुपर्ने सहभागीले बताएका थिए। जसका लागि अहिले सञ्चालन भइरहेको ट्राफिक प्रहरी पोष्ट व्यवस्थापन र प्रहरी चौकी केर्खाले भोगचलन गरिरहेको जमिन घेराबारा लगायतका विषयमा समेत छलफल भएको थियो।

ट्राफिक प्रहरी पोष्ट व्यास्थापन र प्रहरी चौकी केर्खाले भोगचलन गरिरहेको जमिन घेरावारा गर्नका लागि गौरीमान फागोको संयोजकत्वमा १३ सदस्यीय समिति समेत गठन गरिएको प्रहरी चौकी केर्खामा इञ्चार्ज राजेशकुमार श्रेष्ठले जानकारी दिए।

## अतिविपन्न परिवारको स्वास्थ्य बिमा

**बिर्तामोड, चैत २१।** स्वच्छ समाजका लागि सामाजिक अभियान झापाले अर्जुनधारा-११ का अति विपन्न दुई परिवारको स्वास्थ बिमा गरिदिएको छ।

सरस्वती मावि बिर्तामोडकी कक्षा ९ मा अध्ययरत् बिद्यार्थी कुष्ठरोगले बिरामी भएपछि उनको र परिवारको उपचार सहजताका लागि उनको स्वास्थ्य बीमा गरिएको हो।

त्यसैगरी सोही वडाका दिनेश मर्डी जन्डिसले बिरामी भएको र उनको आर्थिक अवस्था अति कमजोर भएकोले उनीसहित उनको परिवारको पनि निःशुल्क उपचारका लागि स्वास्थ बिमा गरिएको अभियानका संयोजक गायक गणेश ढुंगानाले बताए।

अभियानका संयोजक ढुंगानाको अध्यक्षता तथा अर्जुनधारा-११ का वडाध्यक्ष भैरवबहादुर खड्काको प्रमुख आतिथ्य तथा वडासदस्य मोहनकुमार योगीको विशेष आतिथ्यमा कार्यक्रम भएको थियो। अभियन्ता तथा निर्माण व्यवसायी शेरबहादुर थापा, जगतबहादुर मगर, सुनिता धिमाल, मोती चौधरी अमेरिकामा रहेका अरुणकुमार डाँगी, भक्त डाँगीले आर्थिक सहयोग गरेर उनीहरुको बिमा गरिएको सञ्चारकर्मी रञ्जित परियारले बताए।

## कुमारी बैंकको बार्षिकोत्सवमा बृक्षरोपण



**बिर्तामोड, चैत २१।** कुमारी बैंक लिमिटेडको २०औं वार्षिकोत्सवको अवसरमा बैंकको बिर्तामोड शाखाले वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ।

बिर्तामोडस्थित देवी क्याम्पस परिसरमा वृक्षरोपण कार्यक्रम गरिएको कुमारी बैंक लिमिटेडका बिर्तामोड शाखा प्रमुख देवराज नेपालले जानकारी दिए ।

उक्त कार्यक्रममा बैंकका कर्मचारीले स्वामी, धुपीलगायतका विरुवा रोपेको उनले बताए। बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत उक्त कार्यक्रम गरिएको बताउँदै कुमारी बैंकले नेपालमा प्रचलित परम्परागत बैंकिङ पद्धतिलाई नयाँ प्रविधिको प्रयोगमार्फत ग्राहक वर्गको सुविधा र चाहना अनुरुपका सेवा तथा सुविधाहरू प्रदान गर्दै आएको जानकारी दिए।

कार्यक्रममा देवी क्याम्पसका क्याम्पस प्रमुख लेखनाथ भट्टराईले कुमारी बैंकको वार्षिकोत्सवको सफलताको शुभकामना दिएका थिए।

